# ECHO OF HIS CALL

ECHO OF HIS CALL
REACHING NATIONS
SINCE 1969
1969 TO 2029

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV — YEAR OF OUR LORD JESUS CHRIST, 2025 DECEMBER — No. 12


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### यशैया ९:२-६

२. अन्धकारमा हिँड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युको छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ ।

३. तपाईंले त्यस जातिको वृद्धि गराउनुभएको छ र तपाईंले तिनीहरूका आनन्द बढाउनुभएको छ । कटनीको बेलामा मानिसहरू रमाएझैं तिनीहरू तपाईंको सामुन्ने रमाउनेछन् र लूटका माल बाँड्दा मानिसहरू खुसी भएझैं तिनीहरू खुसी हुन्छन् ।

४. किनकि तपाईंले त्यसको बोझाको जुवा र त्यसको काँधको नोल र त्यसलाई अत्याचार गर्नेको लाठो मिद्यानको हारको दिनमा भएझैं चकनाचूर पारिदिनुभएको छ ।

५. लडाइँमा प्रयोग गरेको हरेक सिपाहीको जुत्ता र रगत मुछिएको हरेक पोशाक जलाउनलाई छुट्याइएको हुनेछ र आगोको निम्ति इन्धन हुनेछ ।

६. किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ । हाम्रा निम्ति एक जना छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ ।

# साँचो ज्योति येशू ख्रीष्टले तपाईंको अन्धकारलाई हटाउनुहुनेछ

THE TRUE LIGHT JESUS CHRIST WILL REMOVE YOUR DARKNESS!

बहिनी एन्जल



हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा बोलावटको प्रतिध्वनिको फैलिएको समस्त परिवारमा ख्रीष्टमसको शुभकामना ।

हामीले ख्रीष्टमस मनाउनु हुन्छ वा हुँदैन भनेर धेरै मानिसहरूले वादविवाद गर्छन्- येशू ख्रीष्ट साँचो रूपमा डिसेम्बर २५ मा जन्मनुभएको थियो वा थिएन । तापनि, त्यो हाम्रो केन्द्रबिन्दु हुनुहुँदैन । इन्कार गर्न नसकिने सत्यता यही हो कि उहाँ जन्मनुभयो- परमेश्वर शिशुको रूपमा यो संसारमा आउनुभयो, हाम्रो मुक्तिको निम्ति मर्नको लागि । यो अवसरको कारण येशू ख्रीष्ट हुनुहुन्छ भनेर घोषणा गर्ने अवसरको रूपमा यस अवसरलाई हामीले प्रयोग गरौं ।

ख्रीष्टमस किनमेल, सजावट, सान्टा क्लस वा चाडपर्वको रीतिरिवाजको बारेमा होइन । योचाहिँ येशू ख्रीष्टको जन्मको साँचो उद्देश्य प्रकट गर्दै र बाँड्ने कुरा हो ।

गैह्रयहूदी (सबै देशहरूमा) का बीचमा प्रकाश ल्याउने ज्योति... (लूका २:३२) । येशू ख्रीष्ट आफैंले घोषणा गर्नुहुन्छ:

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

* Please Subscribe and Share *

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....



...समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो तथा व्यवस्थाको अधीनमा जन्मनुभयो (गलाती ४:४) ।

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

प्रभुमा प्रियहरू,

परमेश्वरको अनुग्रहद्वारा हामी यो वर्षको अन्तिम महिनामा प्रवेश गरेका छौं र हाम्रो सेवकाइमा हामीलाई निरन्तर कायम राख्नुभएका, डोर्‍याउनुभएको र सामर्थी तुल्याउनुभएको परमप्रभु असल हुनुहुन्छ र हाम्रो प्रशंसाको योग्य हुनुहुन्छ ।



*Leaders of Youth Ministry in Main Church*

संकाय, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र छापाखानाको टोलीहरूले आउने वर्षमा हाम्रा सेवकाइहरूको विस्तारको निम्ति निरन्तर प्रार्थना र योजना बनाइरहेका छन् ।

सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा अध्ययन गरिरहेका धेरै विद्यार्थीहरूले भौतिक चुनौतिहरु वा अन्य कठिन अवस्थाहरूको सामना गरेका छन् । तिनीहरूका पृष्ठभूमिको बारेमा थाहा पाउनु प्राय:



*Speech by Sister Dr. Renuka on Children's Day at our St. Paul's Matriculation School*

पीडादायी छ । तापनि, उत्कट चाहना र समर्पणताले भरिएका हाम्रा शिक्षकहरूले ठूलो शिक्षकहरूले ठूलो बोझको साथमा तिनीहरूलाई निरन्तर सिकाउने, हुर्काउने र आशा गरिरहेका छन् । हाम्रो मण्डलीका सेवकहरूले इमानदार समर्पणताको साथमा प्रभुलाई विश्वासयोग्य रूपमा सेवा गरिरहेका छन् । विशेष गरी हाम्रा दिदीबहिनीको प्रार्थना टोली, दाजुभाइ प्रार्थना टोली, रात्री प्रार्थना

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ YouTube Ministry ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development



टोली, उपवास प्रार्थना टोली, बालसंगति शिक्षक टोली, यूट्यूब सेवकाइ टोली र प्रशासनका कर्मचारीहरूले हाम्रो देशमा जागृति र हाम्रो सेवकाइको निरन्तरको वृद्धिको निम्ति निरन्तर प्रार्थना गरिरहेका छन् । यो प्रार्थनाको सेवकाइमा हामीसँग जोडिन हामी तपाईंलाई न्यानो निम्तो गर्दछौं ।

यो महिनाभरि हामीले सुसमाचार नपुगेको स्थानमा सुसमाचार पुन्याउन र ईश्वरीय जीवनको पूर्णतामा मानिसहरूलाई अगुवाइ गर्न विभिन्न कार्यक्रमहरूको योजना गरेका छौं । यी प्रयासका निम्ति तपाईंको निरन्तरको प्रार्थनाको आग्रह हामी विनम्रतपूर्वक गर्दछौं ।

तपाईंको विश्वासयोग्य प्रार्थना, मासिक आर्थिक सहयोग र सन् २०२५ भरि उदारताले भरिएको विशेष भेटीको निम्ति हामी गहन रूपमा कृतज्ञ छौं । सेवकाइमा तपाईंको साझेदारी ठूलो आशिष् भएको छ । आउँदा दिनमा तपाईंको निरन्तरको प्रार्थना र स्थिर सहयोगको लागि हामी उत्साह दिंदछौं ।

जसै हामी यो आनन्दमय मौसममा उत्सव मनाउँछौं, तपाई सबैलाई **ख्रीष्टमस र नयाँ वर्ष २०२६ को हार्दिक शुभकामना ।**

हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह तपाईं सबैसँग रहोस् ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,* इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

जबसम्म म संसारमा छु, म संसारको ज्योति हुँ (यूहन्ना ९:५) । त्यसैले ख्रीष्टमस यो महान् ज्योतिको उत्सव हो ।

यो ज्योतिको बारेमा बाइबलले के भन्दछ भनेर हामीले हेरौं:

पृथ्वी आकारविनाको र शून्य थियो । अथाह समुद्रमाथि अन्धकार थियो र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गरिरहनुहुन्थ्यो (उत्पत्ति १:२) । प्रारम्भमा पनि पृथ्वी अन्धकारले ढाकेको थियो- तापनि परमेश्वरको आत्मा यसमाथि परिभ्रमण गर्नुहुन्थ्यो, नछोइएको र नहल्लिएको ।

त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजयी भएको छैन (यूहन्ना १:५) ।

## अन्य अनुवादले यसलाई

**सुन्दरतापूर्वक अभिव्यक्त गर्दछ**

**अँध्यारोले यसलाई कहिल्यै निभाउन सक्दैन (एनएलटी) ।**


**अँध्यारोले यसलाई बुझेन (केजेभी) ।**

**अँध्यारोले यसलाई न त बुझ्न सक्यो, न त जित्न (एएमपी) ।**

जब ज्योति देखा पर्‍यो, तब अन्धकार हरायो । दुई बीचमा कुनै संघर्ष छैन- ज्योतिले सधैं जित्छ ।

## १. ज्योति पापमाथि चम्कन्छ

पापले मानिस जातिलाई परमेश्वरबाट अलग पारेको छ । सबै जना उहाँको महिमामा पुग्नबाट चुकेका छन् । सृष्टिको मुख्य उद्देश्य-



***Darkness that flees from the light***

परमेश्वर र मानिस बीचमा संगति- परमेश्वर र मानिस जातिको बीचमा ठूलो धाँदो सृजना गर्दै अदनको बगैंचामा तोडिएको थियो ।

हाम्रो पापको निम्ति कुनै पनि पशुको बलिदानले साँचो रूपमा प्रायश्चित गर्न सकिदैन । परमेश्वरको खोटरहित बलिदान र उहाँबाट आउनुभएको येशू ख्रीष्टले मात्रै हामीलाई पितासँग मिलाप गराउन सक्नुहुन्छ ।

येशू यस संसारमा परमेश्वरसँग हामीलाई पुनर्मिलाप गराउन आउनुभयो- पापले गर्दा तोडिएको सम्बन्धलाई जोड्न । उहाँको अमूल्य रगतद्वारा अब हामीले बिना कुनै डर वा हिचकिचाहट परमेश्वरको अघि आउने अधिकार पाएका छौं ।

शैतानले धेरै मानिसहरूको मनलाई गलत विचार र सांसारिक अवरोधबाट अन्धो बनाएको छ । यो आत्मिक अन्धकारमा अघि बढ्न हामीलाई परमेश्वरको ज्योति आवश्यक पर्छ । संसारले सामान्य भन्ने धेरै थोकहरू




## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहयोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**



*We need the light of God*

प्रत्यक्ष रूपमा परमेश्वरको सत्यताको विपरीत हुन्छ ।

परमप्रभु र हामी बीचमा खडा हुने कुनै पनि कुरालाई प्रकट गर्दै हाम्रो हृदयमा उहाँको ज्योति उहाँले चम्काऊन्- ताकि हामी पुनर्स्थापित भएको संगतिमा हिँड्न सकौं ।

## २. अन्धकारमा चम्कने ज्योति

हामीले हरेक स्थानमा हेर्दा हामीले अन्धकार देख्छौं- लडाइँ, गरिबी, भ्रष्टाचार, अपराध, घृणा र नैतिक पतन । जवान मानिसहरू निरासामा छन्, केहीले आफ्नो जीवन अन्त्य पनि गरेका छन् । समाजले पापलाई महिमा गर्छ र धार्मिकतालाई गिज्याउँछ । यस्तो लाग्छ कि संसार हरेक दिन अन्धकारतिर वृद्धि भइरहेको छ ।

प्राय: हामीले मानिसले भनेका कुरा सुन्छौं, हाम्रो समयमा कुराहरू भिन्दै थिए । शिक्षा, प्रविधि र उत्सुकताले धेरै ढोकाहरू खोलेका थिए- तर ती सबै परमेश्वरबाट थिएनन् ।

बाइबलले हामीलाई यी अन्तिम दिनहरूका बारेमा चेतावनी दिन्छ:

... आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन् । किनभने मानिसहरू आफैंलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमा-बुवाको आज्ञापालन नगर्ने, बेगुनी र अपवित्र, स्वाभाविक प्रेमरहितका, खुसी पार्न नसकिने, अरूको बदख्वाइँ गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, भक्तिको भेषचाहिँ लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । यस्ता मानिसहरूबाट अलग्ग बस (२ तिमोथी ३:१-५) ।

यो नैतिक पतनको बारेमा वर्णन गरेपछि पावलले भन्छन्, यस्ता मानिसहरूबाट अलग्ग बस ।

संसार झन् अन्धकार भएर गए पनि तपाईं परमेश्वरको महिमाको निम्ति निरन्तर चम्कनुपर्छ ।

अन्धकारमा बस्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युको छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ ( मत्ती ४:१६) ।

यो ख्रीष्टमसको अवसरमा म प्रार्थना गर्दछु कि हरेक अन्धकारबाट परमेश्वर चम्कनुहुनेछ-



**The people living in darkness have seen a great light**

यो संसारमा मात्रै होइन तर हाम्रो परिवार, हाम्रो व्यक्तिगत जीवन र हाम्रो काम गर्ने स्थानमा पनि । हाम्रो संसार- हाम्रो घर, हाम्रो सन्तान, हाम्रो विवाह, हाम्रो शिक्षा, हाम्रो स्वास्थ्य र हाम्रो आर्थिक कुराको ज्योति उहाँ नै हुनुहुन्छ भनेर हामीले घोषणा गरौं ।

डाक्टरहरू, आफन्तहरू, अगुवाहरू वा अधिकारीहरूले हाम्रो विरुद्धमा बोलेका हरेक नकारात्मक शब्दहरू परमेश्वरको ज्योतिद्वारा तोडिएको होस् ।

जसै हामी नयाँ वर्षमा प्रवेश गरेका छौं, येशू ख्रीष्टमा विश्वास र स्पष्टताको साथमा हामी हिँड्न सकौं ।

हे परमप्रभु, तपाईंले मेरो दियो बालिराख्नुहुन्छ, मेरा परमेश्वरले मेरो अन्धकारलाई उज्यालोमा परिवर्तन गर्नुहुन्छ (भजनसंग्रह १८:२८) ।

## ३. भयमाथि ज्योति चम्कन्छ

जब गोठालोहरूका बीचमा ख्रीष्टको जन्मको बारेमा सुसमाचार घोषणा गरिएको थियो, तिनीहरू भयभित भएका थिए:

प्रभुका एक जना स्वर्गदूत तिनीहरूकहाँ देखा परे र प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो अनि तिनीहरू साह्रै डराए । तब स्वर्गदूतले तिनीहरूलाई भने, नडराओ किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ (लूका २:९-१०) ।

रातको आकासमा आकासका ज्योतिले घोचेझैं तिनीहरूका भयलाई कल्पना गर्नुहोस् ।

जब गब्रिएल प्रकट भएका थिए, मरियम पनि भयभित भएकी थिइन्:

मरियम त्यसल कुराले साह्रै विचलित भइन्... तर स्वर्गदूतले तिनलाई भने, नडराऊ मरियम... (लूका १:२९-३०) ।

भय वास्तविक हो- तर जब येशू ख्रीष्टको ज्योति चम्कन्छ, भय भाग्नुपर्छ ।

हामी परमेश्वरको दृष्टिमा अमूल्य छौं । हामीले आफ्ना भय त्यागौं र मरियमले झैं प्रतिक्रिया देऔं:



*Do not be afraid, Mary...*

...म परमप्रभुकी दासी, मलाई तपाईंको वचनअनुसार होस्... (लूका १:३८) ।

जब हामीले आफैंलाई परमेश्वरको अधिकारमा समर्पित गर्छौं, उहाँले बोल्नुभएका हरेक प्रतिज्ञा पूरा हुनेछ ।

बाँकी पृष्ठ ६ मा

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From December 19, 2025 To January 18, 2026**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## परमेश्वरलाई प्रशंसा गरौं...

डिसेम्वर १९: हाम्रा अनुवादकहरू, सहसम्पादकहरू, संयोजकहरू र उहाँका परिवारहरूलाई आशिष् दिनुभएको निम्ति ।

डिसेम्वर २०: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज, ईश्वरशास्त्रीय पत्राचार कोर्स, सबैले कम पहुँच भएकाहरूको आवश्यकतामा सेवा गरेको निम्ति ।

डिसेम्वर २१: हाम्रा प्रार्थनाका साझेदार, ग्राहकवर्ग, विश्वासका साझेदार, जीवनका साझेदार र महान् आज्ञाका साझेदारका साथै उहाँका परिवारहरूप्रति परमेश्वरको कृपाको निम्ति ।

डिसेम्वर २२: हाम्रा बहुसंख्यक सुवकाइहरूबाट सुसमाचार नसुनेका आत्माहरूमा पुग्न हामीलाई सहायता गर्नुभएको निम्ति ।

डिसेम्वर २३: हाम्रा सेवकाइका कर्मचारीका परिवारहरूमाथि उहाँको प्रशस्त आशिष्को निम्ति ।

डिसेम्वर २४: हाम्रा कर्मचारीको परिवारहरूमाथि उहाँको आशिष्को वर्षाको निम्ति ।

डिसेम्वर २५: यो वर्षको हाम्रा सम्पूर्ण ख्रीष्टमस उत्सवमा आशिष्को निम्ति ।

डिसेम्वर २६: संसारको मुक्तिदाता येशू ख्रीष्टको जन्मको निम्ति, जो हामी सबैलाई बचाउन आउनुभयो ।

डिसेम्वर २७: हाम्रो सिनियर पास्टर र उहाँको परिवारलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिबाट बचाउन ईश्वरीय सुरक्षाको निम्ति ।

डिसेम्वर २८: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा भएका बालसंगतिमा धेरै बालबालिका दिनुभएर हामीलाई आशिष् दिनुभएको निम्ति ।

डिसेम्वर २९: यो वर्षभरि नै ईश्वरीय सुरक्षाको सातमा परमेश्वरका सेवकहरूमाथि आशिष्को निम्ति ।

डिसेम्वर ३०: यो वर्षभरि नै ख्रीष्टियान संस्थाहरूको सहज र फलदायी संचालनको निम्ति ।

डिसेम्वर ३१: २०२५ मा भएका हाम्रा सम्पूर्ण आवश्यकता आश्चर्यजनक रूपमा पूरा गर्नुभएको निम्ति ।

जनवरी १: नयाँ वर्ष २०२६ भरि संसारभरि रहेका पाठकहरू र मानिसहरूका निम्ति शान्तिको निम्ति ।

जनवरी २: धेरै विश्वासीहरूका साथमा हाम्रो मुख्य र शाखा मण्डलीहरूलाई परमेश्वरले दिनुभएको आशिष्को निम्ति ।

जनवरी ३: सन् २०२६ मा असल प्रतिज्ञाको साथमा सम्पूर्ण मण्डलीहरू र विश्वासीहरूमाथि आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

जनवरी ४: हाम्रो कन्नाडा सहसम्पादक रेभ. आर. रामाकृष्ण र उहाँको पत्नी रोगबाट चङ्गाइको निम्ति ।

जनवरी ५: संसारका नेताहरू ईश्वरीय बुद्धिले भरिऊन् र मानिसहरूको हीतको निम्ति काम गरून् ।

जनवरी ६: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजमा अध्ययन गर्ने विद्यार्थीहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

जनवरी ७ हाम्रो संस्थाको निम्ति उपयुक्त कर्मचारीहरूको निम्ति ।

जनवरी ८: ख्रीष्टियानहरूले परमेश्वरको वचन पछ्याऊन् र ख्रीष्टको जस्तो चरित्र देखाऊन् ।

जनवरी ९: यो महिनामा हाम्रा आवश्यकताको निम्ति परमेश्वरको उपलब्धताको निम्ति ।

जनवरी १०: हाम्रा सेवकाइका साझेदारहरू र प्रान्तीय संयोजकहरूको क्रियाकलापहरूमा सफलताको निम्ति ।

जनवरी ११: हाम्रो सेवकाइको बिस्तार र सुसमाचारको विश्वव्यापी फैलावटको निम्ति ।

जनवरी १२: सन् २०२६ मा पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई परमेश्वरको शक्तिशाली हातमुनि राख्नुभएको होस् ।

जनवरी १३: दुष्ट शक्तिमाथि सम्पूर्ण मण्डलीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

जनवरी १४: देशहरूका बीचमा शान्ति र आर्थिक विकासको निम्ति ।

जनवरी १५: संसारभरि सम्पूर्ण ख्रीष्टियान शैक्षिक संस्थाहरूका निरन्तर असल प्रतिष्ठाको निम्ति ।

जनवरी १६: सम्पूर्ण मण्डलीहरू र ख्रीष्टियान संस्थाहरू सरकारसँग वैधानिक रूपमा दर्ता हुनको निम्ति ।

जनवरी १७ हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

जनवरी १८: सन् २०२६ मा विश्वभरि सुस्वास्थ्य, शान्ति र समृद्धिको निम्ति ।

....Contd. from page 4

नडराउनुहोस्- परमप्रभुको आत्मा तपाईंअघि जान्छ । उहाँले तपाईंका लडाइँ लड्नुहुनेछ । येशू ख्रीष्टमा रहनुहोस्- उहाँ पर्याप्तभन्दा धेरै हुनुहुन्छ । येशूलाई प्रयास गर्नुहोस् ।



*When we surrender to God's authority, every promise will come to pass*

## ४. हाम्रो अर्को कदम देखाउन ज्योति चम्कन्छ

हामीले भविष्यको भय मान्नु जरुरी छैन किनकि परमप्रभु हाम्रो डोऱ्याउनुहुने ज्योति हुनुहुन्छ ।

तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो (भजनसंग्रह ११९:१०५) ।

परमेश्वरले पूरै बाटो एकै पटक प्रकट गर्नुहुन्न- तर उहाँले सधैं अर्को कदम देखाउनुहुन्छ । एक पटकमा एक कदम । जीवनमा अन्योलता महसुस गर्दा, हरेक थोक अन्धकार देखिँदै गर्दा र हामीले आफैंलाई



*God doesn't reveal the entire road at once - but He always shows the next step*

किन म, प्रभु भनेर सोध्दै गर्दा पनि- दाऊदको वचन याद गर्नुहोस् ।

हे परमप्रभु, तपाईंले मेरो दियो बालिराख्नुहुन्छ, मेरा परमेश्वरले मेरो अन्धकारलाई उज्यालोमा परिवर्तन गर्नुहुन्छ (भजनसंग्रह १८:२८) ।

जसै हामी नयाँ वर्षमा प्रवेश गर्दैछौं, तपाईंको परिवार, सेवकाइ र पेशाको निम्ति परमेश्वरको निर्देशनको खोजी गर्नुहोस् । उहाँलाई सोध्नुहोस्- किनकि उहाँले मात्रै भविष्य देख्नुहुन्छ ।

यशैयाको पुस्तकमा परमेश्वरले चुनौति दिइरहनुभएको छ

मजस्तै को छ र ? त्यसले त्यो घोषणा गरोस् । त्यसले बताओस् र मेरो अगि राखोस्, मेरा प्राचीन प्रजालाई स्थापित गरेकोदेखि यसो के भएको छ ? अफ्र जे हुन आउँछ त्यसले हामीलाई अघिबाटै बताओस् (यशैया ४४:७) ।

प्रिय मित्रहरू, हामी सन् २०२६ मा प्रवेश गर्नुअघि परमेश्वरको ज्योति हामीमाथि चम्कन र हाम्रो जीवन, हाम्रा सन्तान र हाम्रो उद्देश्यको निम्ति उहाँका योजना प्रकट गर्न उहाँलाई भनौं । अगाडि के रहेको छ भनेर हामीलाई देखाउन उहाँ विश्वासयोग्य हुनुहुनेछ ।

## ५. हामीलाई सुरक्षा गर्न र जोगाउन ज्योति चम्कन्छ

हे मेरो शत्रु, मेरो खिसी गर्दै सन्तुष्ट नहो । म लडे पनि उठिहाल्नेछु । म अँध्यारोमा भए पनि परमप्रभु मेरो ज्योति हुनुहुनेछ (मीका ७:८) । कस्तो शक्तिशाली प्रतिज्ञा । हामी शर्ममा, निरासामा वा निरुत्साहमा हुँदा पनि हामी पुन: खडा हुनेछौं किनकि परमप्रभु आफैं हाम्रो ज्योति हुनुहुन्छ ।

सायद सन् २०२५ तपाईंको राम्रो वर्ष भएन- तर याद राख्नुहोस्, परमेश्वरको सहायताद्वारा तपाईंले पुन: खडा हुन सक्नुहुन्छ । तपाईंले जेसुकै गुमाउनुभए पनि परमेश्वरले पुनर्स्थापित गर्न सक्नुहुन्- तपाईं उहाँमा विश्वासयोग्य भएर रहनुभयो भने ।

जब इस्राएलीहरू लाल समुद्रको अघि खडा भएका थिए- दुवैतिर पहाडहरू र पछाडि फारोको सेना- परमेश्वरको उपस्थिति तिनीहरूलाई सुरक्षा गर्न थियो:

तब इस्राएलका सैनिकहरूका अगिअगि हिँड्ने परमेश्वरका दूत हटेर तिनीहरूका पछिल्तिर गए र बादलको खामो तिनीहरूका अगिबाट हटेर तिनीहरूका पछिल्तिर खडा भयो । त्यो मिश्रीको सेना र इस्राएलको सेनाको बीचमा आयो । रातभरि बादलले एकातिर अँध्यारो

....Contd. to page 9

ECHO OF HIS CALL REACHING NATIONS SINCE 1969
नहेम्याह साँझको बाइबल कलेज
भर्नाको लागि छिट्टो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
योग्यता: दश कक्षा र सोभन्दा माथि
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time)
Hindi (Residential) (Sponsorship Available)
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Men's Prayer : 7.30 p.m. Friday
25. Discipleship Meeting : 6.00 p.m. Saturday
26. House Meetings : 6.30 p.m. Tuesday & Thursday
27. Special Holy Communion : 6.00 a.m. 1st day of each month
28. Ministers' Meeting : 5.30 p.m. First Saturday
29. Parents' Prayer : 4.00 p.m. First Sunday
30. Night Prayer : 9.30 p.m. Third Friday
31. Fasting Prayer : 9:30 a.m. Second Saturday
32. Holy Communion : Second Sunday Service
33. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
34. Staff Devotion : 9.00 a.m. daily
35. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैहख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## महिमित परमेश्वर

**बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठरोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल । तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ (मत्ती १०:८) ।**



मेरो सुरुका दिनदेखि नै परमेश्वरले मेरो सेवकाइको जीवनमा ठूला आश्चर्यकर्म र चमत्कार गरिरहनुभएको छ । मेरा सीमितपनाभन्दा पर, आकस्मिक आवश्यकताको समयमा परमेश्वरले आफ्ना स्वर्गदूतहरू पठाउनुभयो । धेरै अवसरमा, म परमेश्वरको शक्तिको गवाही बनेको छु, जुन मैले उहाँलाई जुन समयमा पनि पुकारा गर्दा माथि वर्षाउनुभएको छ ।

सन् १९९३ को सालमा कसैले मलाई बोलाए र बताए, मद्रास (चेन्नाइ) सहरबाट ३५ किलोमिटर टाढा बस्ने रोज मेरी भन्ने महिला धेरै वर्षदेखि दुष्टात्मा लागेको र त्यसको आक्रमणको कारण कष्टमा परेकी छिन् । त्यसकारण, तिनी खानेकुरा खान र सुत्न सकेकी थिइनन् । परिवारका सदस्यहरूको ज्यान लिनेछिन् भनेर तिनीहरूलाई धम्क्याउने बानी उनीमा थियो । तिनले धेरै पटक आत्महत्या गर्ने कोसिस पनि गरेकी थिई । तिनलाई नियन्त्रणमा राख्न तिनका हात र गोडा बाँधिएको थियो र अलग्गै कोठामा राखिएको थियो ।

जब उनको छुटकाराको निम्ति प्रार्थना गर्न उनको परिवारको सदस्यहरूले मलाई बोलाएका थिए, तब मैले केही समय प्रार्थनामा बिताएँ, आत्मिक अगुवाइ प्राप्त गरे र परिवार बसोबास गर्ने स्थानमा गएँ । मेरो घरबाट मेरो प्रस्थानको समयदेखि नै मैले दुष्टको कुनै प्रकारको विरोध महसुस गर्न सकेको थिएँ । म सो स्थानमा पुग्नुअघि नै दुष्टले मलाई शारीरिक र मानसिक रूपमा आक्रमण गरेको थियो ।

त्यो महिलाको घरमा म प्रवेश गर्ने बित्तिक्कै उनको बन्धन खोलिदिन र उनलाई स्वतन्त्र गराउन मैले परिवारका सदस्यहरूलाई भनें । उनको बन्धन खोलिदिने बित्तिक्कै उनी यहाँ र त्यहाँ दौडन सुरु गरिन् र नरामा शब्दहरू बोल्न सुरु गरिन् र मबाट भाग्ने चाहना गरिन् । प्रभु येशू ख्रीष्टमा म नयाँ विश्वासी भए पनि प्रभुले दुष्टात्माले ग्रसित व्यक्तिसँग सामना गर्न मलाई विशेष साहस र सामर्थ्य दिनुभयो ।

प्रभु येशू ख्रीष्टमा मेरो पूर्ण भरोसा राख्दै मैले आफ्नो मुख खोलें र महिलाबाट निस्किन दुष्टात्मालाई आदेश दिएँ । तुरुन्तै, महिलाका क्रियाकलापहरू अनियन्त्रित भयो र उनी तल र माथि उफ्रिइन् र छतको पिलरमा समातिन् र आफ्ना गोडाले मानिसलाई आक्रमण गर्ने कोसिस गरे । कसैले पनि उनलाई नियन्त्रणमा ल्याउन सकेन । मेरो वरिपरि भएका मानिसहरूले आश्चर्यले मेरो अनुहारमा हेरे । तर मैले प्रभु येशू ख्रीष्टको शक्तिको महसुस गर्न सकेको थिएँ र निश्चय नै परमेश्वरले हस्तक्षेप गर्नुहुन्छ भन्ने आत्मविश्वास महसुस गरेको थिएँ ।

अन्त्यमा, मैले फेरि आफ्नो मुख खोलें र दुष्टलाई आदेश दिएँ, दियाबलस, यो महिलालाई सताउने अधिकार तँसँग छैन । नासरतको येशू ख्रीष्टको नाउँमा, अहिले नै यो महिलाबाट निस्कि जाने आज्ञा म दिन्छु । येशू ख्रीष्टको नाउँमा आफ्नो मुख बन्द गर्न र तुरुन्तै तल आउन र तुरुन्तै यो महिलाबाट निस्किजान आदेश दिन्छु ।

तुरुन्तै उनी चिच्याउन बन्द गरिन् र मरेको शरीरझैं भूईंमा खसिन् । त्यसपछि मैले आफ्नो हात उनको टाउकोमा राखें र उनलाई ताजा र नयाँ जीवन प्रदान गर्न प्रभुसँग मागें । तुरुन्तै, उनी होशमा आइन् र अचम्म मान्दै हरेक जनालाई हेरिरहिन् । त्यो समयदेखि उनी दुष्टको बन्धनबाट पूर्णरूपमा निको भइन् र सामान्य ख्रीष्टियान जीवन जिउन सुरु गरिन् ।

प्रिय पाठकहरू, सोही येशू ख्रीष्ट आज पनि जीवित हुनुहुन्छ र तपाई र मेरो निम्ति उपलब्ध हुनुहुन्छ। उहाँले तपाईको जीवनमा कुनै पनि आश्चर्यकर्म गर्न सक्नुहुन्छ। केवल उहाँलाई स्वीकार गर्नुहोस्, आफ्ना पाप स्वीकार गर्नुहोस् र उहाँलाई पछ्याउनुहोस्। प्रभुले आफ्ना वचन आश्चर्यकर्म र चमत्कारबाट निश्चित गर्दै संसारका विभिन्न भागहरूमा लैजानुभयो । उहाँले तपाईलाई अत्यन्तै प्रेम गर्नुहुन्छ । उहाँलाई तपाई चाहिन्छ । परमेश्वरले तपाईलाई आशिष् देऊन्, मेरा मित्रहरू ।



*************

पृष्ठ ६ बाट



*The cloud brought darkness to one side and light to the other side*

पाऱ्यो र अर्कोतिर उज्यालो पाऱ्यो... (प्रस्थान १४:१९-२०) ।

आगोको खामोबाट दुवै उज्यालो र सुरक्षा दिएर परमेश्वर आफ्ना मानिसहरू र तिनीहरूका शत्रुका बीचमा खडा हुनुभयो । परमेश्वरका मानिसहरू सुरक्षित नभएसम्म रातभरि चम्किएर फारोको सेनाबाट परमेश्वरले तिनीहरूलाई जोगाउनुभयो र सुरक्षा दिनुभयो ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, परमप्रभु तपाईअघि हिँडिरहनुभएको छ, उहाँले तपाईंका बिग्रिएका मार्ग सीधा पार्नुहुनेछ, उहाँ तपाईंको पछि हिँड्नुभए पनि उहाँले गर्नुहुनेछ ।

एउटा सुन्दर यहूदी कथाले यो सत्यतालाई प्रकट गर्दछ

बुबा र उसको कान्छो छोरा सुनसान बाटोमा हिँडिरहेका थिए । जब तिनीहरूका अघि डाँकू देखा पऱ्यो, बुबाले आफ्नो छोरालाई आफूपछि तानेर उसलाई जोगाएको थियो । पछि, जब एउटा जंगली जनावर पछाडिबाट आयो, बुबाले आफ्नो छोरालाई अगाडि ताने । जब खतरा दुवै दिशाबाट आयो, बुबाले आफ्नो छोरालाई



*The father lifted his son onto his shoulders and carried him to safety*

आफ्नो काँधमा राखे र सुरक्षासाथ आफूसँगै लगे ।

सोही तरिकामा हाम्रो स्वर्गीय पिताले हामीलाई सुरक्षा गर्नुहुन्छ । कहिले हाम्रो अघि जाने, कहिले हाम्रो पछाडि खडा हुने र कहिले हामीलाई बोक्ने भनेर उहाँलाई थाहा छ । परमेश्वरलाई तपाईंको लडाइँ लड्न दिनुहोस्- उहाँ सेनाहरूको परमप्रभु हुनुहुन्छ ।

## निष्कर्ष:

**ज्योति चम्कन्छ ताकि हामी ज्योति हुन सकौं ।**

परमेश्वर हाम्रो ज्योति हुनुहुन्छ- तर उहाँले



*He calls us to be light-bearers in this dark world*

हामीलाई ज्योति हुन पनि बोलाउनुहुन्छ- यो अन्धकार संसारमा ज्योति बोक्नेहरू ।

उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो (१ पत्रुस २:९) ।

यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सूकर्म देखून् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून् (मत्ती ५:१६) ।

हाम्रो जीवनले परमेश्वरको भलाइ र सत्यता प्रतिबिम्बित गर्नुपर्छ। तपाईंका कार्यले तपाईंको वचनले भन्दा चर्को तरिकामा बोलोस् । तपाईंको दया, कार्य र इमानदारीताबाट अरूले ख्रीष्टलाई देखून् ।

मेरा प्रिय मित्रहरू, सन् २०२६ मा के रहेको छ भनेर तपाईंलाई थाहा नहुन सक्छ- तर त्यसलाई जान्नुहुनेमाथि तपाईंले भरोसा गर्न सक्नुहुन्छ ।

नडराउनुहोस् । तपाईंको जीवनको हरेक भागबाट परमेश्वरको ज्योति चम्कोस् ।

भोलिको बारेमा चिन्ता नगर्नुहोस् ।

...भोलिको दिनले आफ्नो फिक्री आफैं गर्नेछ... (मत्ती ६:३४) ।

आज तपाईंको बोझ जेसुकै भए पनि याद राख्नुहोस्: संसारको ज्योति येशू हरेक भय र अनिश्चयतामाथि चम्कन सक्नुहुन्छ ।

उहाँको ज्योति तपाईंको अन्धकारभन्दा बलियो छ, उहाँको शान्ति तपाईंको समस्याभन्दा ठूलो छ, उहाँको शक्ति कुनै पनि विरोधभन्दा शक्तिशाली छ ।

किनकि जीवनको स्रोत तपाईंसँग छ, तपाईंकै ज्योतिमा हामी प्रकाश देख्छौं (भजनसंग्रह ३६:९) ।

*************

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
Please subscribe

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.

- Editor

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **S. Sam Selva Raj** |
| A/C No. | : **1023 2934 679** |
| IFSC | : **SBIN 00 00 249** |
| SWIFT CODE | : **SBI NIN BB 455** |

### *2. Bank : ICICI Bank*

| | |
|---|---|
| Branch | : **Anna Salai, Chennai-6** |
| Name | : **Echo of His Call** |
| A/C No. | : **6038 0502 2319** |
| IFSC | : ICIC 000 6038 |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **Echo of His Call Educational Trust** |
| A/C No. | : **1023 2923 805** |
| IFSC | : **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th DECEMBER 2025.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers**, New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**